# सामाजिक परिक्षण विशेषाङ्ग

## आ.ब. २०७३/०७४




# दलित सामाजिक विकास केन्द्र

क.व.न.पा.–५, डँगरी चौक, कपिलवस्तु

फोन.: ०७६–६२०१७२, ६९०८०३

Email: dsdc2061@gmail.com, website: www.dsdc.org.np

# सामाजिक परिक्षण विशेषाङ्ग

आ.ब. २०७३/०७४

## दलित सामाजिक विकास केन्द्र

क.व.न.पा.–५, डँगरी चौक, कपिलवस्तु

फोन नं.: ०७६–६२०१७२, ६९०८०३

Email: dsdc2061@gmail.com, website: www.dsdc.org.np

# दलित सामाजिक विकास केन्द्र

## संचालक समितिका पदाधिकारीहरु



**राम शरन रैदास**
अध्यक्ष



**निलम पासी**
उपाध्यक्ष



**मन्तू कोरी**
सचिव



**रामचन्द्र कोरी**
सह–सचिव



**सूरजमति पासी**
कोषाध्यक्ष



**विन्दवासिनी हरिजन**
सदस्य



**संजय कु. कोरी**
सदस्य



**गीता हरिजन**
सदस्य



**राजेन्द्र पासी**
सदस्य

# हार्दिक कृतज्ञता



**राम शरन रैदास**
**अध्यक्ष**

दलित सामाजिक बिकास केन्द्र क.ब.न.पा. ५ क.व. का शुभेच्छुक महानुभावहरु यस संस्थाले बार्षिक रुपमा आन्तिरिक तथा विभिन्न परियोजना बाट संचालन भएका गतिबिधिहरुको बार्षिककोत्सवको रुपमा सामाजिक बिकासको क्षेत्रमा काम गर्नेसंघ संस्थाहरु, नागरिक समाज, समुदायका ब्यक्तिहरु, पत्रकार महानुभावहरु, सरकारी निकाय तथा सरोकावालाहरुलाई आमन्त्रण गरेर सामाजिक परिक्षण कार्यक्रम यस संस्थाले बार्षिकरुपमा आयोजना गर्दै आइरहेको कुरा सर्हष जानकारी गराउन चाहन्छु ।

यसे संस्था २०६१ साल भाद्र २ गते दलित सामाजिक विकास केन्द्र क.व.मा संस्थाको रुपमा स्थापना भएको हो । बिगतका अनुभव र अभ्यासहरुलाई निरन्तरता दिदै स्थानिय स्तरमा संगठित समुह तथा संजालहरु, सामाजिक संस्थाहरु, स्थानिय तथा बाह्रय दातृ निकायहरु एवं सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग तथा सहकार्यमा स्थानिय तह देखि सवलीकरण गर्दै राष्ट्र निर्माण गर्ने उद्देश्यका लागी हातेमालो गर्दै यस सस्थाले आफ्नो विभिन्न गतिबिधिहरु संचालन गर्दै आइरहेको छ ।

हामी जवाफदेहिता, पारदर्शिता तथा अर्थपूर्ण सहभागितामा बिश्वास गर्छौ र हाम्रो लक्षित समुदाय तथा सरोकारवाला निकायहरु प्रति जवाफदेहि छौं । हामी पारदर्शि हुर्दै र हामी अझै सिक्दै अगाडी बढ्दै छौ । त्यसैले संस्था प्रति आस्था राख्ने सहयोगी तथा शुभेच्छुकहरुको निरन्तर सल्लाह र सुझाव चाहन्छौ । हाम्रा अभ्यासहरुलाई गैरसरकारी क्षेत्रमा मात्रै होईन, नीजि क्षेत्र र सरकारी निकायहरुमा समेत अनुकरण गर्न गराउनका लागी सदैव हातेमालो गर्न तयार छौ र रहने छौ ।

अन्त्यमा बार्षिक रुपमा भए गरेका बिभिन्न क्रियाकलाप र गतिबिधि तथा अनुभवहरु छापामा उतारी जवाफदेहिताको आधार स्वरुप प्रस्तुत गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संचालक समितिका पदाधिकारी तथा साधारण सदस्य ज्युहरु, कर्मचारी तथा सहयोगी मित्रहरु र यस संस्थालाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सहयोग गर्ने महानुभावहरु सवैमा आभार प्रकट गर्दै हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

राम शरन रैदास
अध्यक्ष

# सामाजिक जवाफदेहिता



**मन्तू कोरी**
**सचिव**

सामाजिक लेखाजोखा यस संस्थाको सामाजिक तथा नैतिक कार्यसम्पादन मापन गर्ने प्रमुख औजार हो । यसको प्रकृया जहिल्यै पनि समावेशी र अर्थपूर्ण सहभागीतामुलक हुन्छ । त्यसैले यी अधिकारवाला तथा सरोकारवालाहरु प्रति जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्दछ । संस्थाको कार्यसम्पादन सुधार गर्नका लागी सामाजिक लेखाजोखाले सरोकारवाला, लक्षित समुह, दातृ निकाय र अन्य संघ संस्थाहरु बीच सम्वाद तथा पैरवी गर्न अवसर प्रदान गर्दछ। यसका साथै यसले अर्थपूर्ण सहभागिता मार्फत विभिन्न सरोकारवालाहरु बीच विश्वास निर्माण गर्दछ र पारदर्शिता तथा जावफदेहिता बढाउन अभिप्रेरित गर्दछ ।

यिनै मुल्यमान्यताहरुलाई आत्मसाथ गर्दै विगत ७ वर्ष देखि वार्षिक रुपमा यस संस्थाले सामाजिक परिक्षण कार्यक्रम आयोजना गर्दै आएको छ। हामीले गरेको लगानी अनुसारको प्रतिफल प्रभावकारी भयो भएन ? अधिकारवालाहरुले कार्यक्रमलाई आत्म साथ गरे गरेनन ? सिकाइहरु के के रहे ? के कुरामा सुधार गर्न वा सच्चिनु पर्छ ? जावफदेहिता प्रतिको सचेततालाई कसरी बलियो बनाउन सकिन्छ ? जस्ता जिज्ञासाहरुलाई घटाई सेवा प्रदायक र सेवा ग्राही मात्र नभई जिम्मेवार र जवाफदेही संस्थाको रुपमा चिनाउन हामी नियमित र निरन्तर रुपमा प्रयत्न गरिरहेका छौ ।

अन्त्यमा, सामाजिक विकास र रुपान्तरणीय कार्यको यस महान अभियानलाई वार्षिक रुपमा सामाजिक परिक्षणको माध्यबाट दलित सामाजिक बिकास केन्द्रले निरन्तरता तथा संस्थागत विकास हुदै जाओस । यसरी आफ्ना बिशिष्ट अनुभवहरुलाई सामाजिक परिक्षणको माध्यबाट सर्बजनिक गर्ने कममा अमुल्य सहयोग गर्ने तपाई सबै कर्मठ कर्मचारीहरु र सम्पूर्ण शुभचिन्तक महानभाव ज्यूहरुमा हार्दिक अभार प्रकट गर्न चाहन्छु ।

# धन्यवाद ज्ञापन



**निलम पासी**
**उपाध्यक्ष**

दलित, गरिव, विपन्न, महिला पछडिपारिएका समुदायहरुको आर्थिक सामाजिक शैक्षिक र स्वास्थ्य स्तर तथा विभिन्न संयन्त्रहरुमा अर्थपूर्ण सहभागिता नरहेको साथै विभेदपूर्ण अवस्था विद्यामन रहेको सो अवस्थालाई परिवर्तन गर्न समुदाय र राज्यले सकारात्मक परिवर्तन गर्न खोजेको साथ साथै बिकासको अवसरहरु सृजना भएको। यसरी यहांको सामाजिक बिकासमा देखिएको खाडललाई पुर्नका लागी यस संस्थाले आफ्नो सामाजिक रुपान्तरणको कार्यलाई आफ्नो कदम अगाडी बढाएको छ। यसरी २०६१ सालमा दलित सामाजिक विकास केन्द्र गोटिहवा-९, कपिलवस्तु जिल्ला प्रशासन कार्यालयमा दर्ता भई स्थापना भएको हो। यो संस्था दलित र उत्पीडित समुदायको उत्थान गर्ने, गैर नाफामुलक स्वतन्त्र सामाजिक संस्था हो । र समाज कल्याण परिषद, काठमाण्डौमा आवद्धता भई पूर्णरुपमा दलित सामाजिक बिकास केन्द्र गतिबिधिमा कार्यान्वयन गरिएको छ ।

यस संस्थाले समुदाय सवलीकरणका लागि क्षमता अभिबृद्धि गर्दै लैगिंक तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य तथा वातावरण, जीविकोपार्जन, कृषि तथा उद्यम विकास, अधिकार तथा पैरवी, दैवी प्रकोप, बाल विबाह तथा दाइजो प्रथा, अपाङ्गता व्यक्तिहरुको शक्तिकरण गर्ने क्रममा बिभिन्न सरकारी संस्था गैर सरकारी निकायहरु संग साझेदारी गरी कार्यक्रमहरु संचालन गर्दै आफनो कार्यहरु अगाडी बढाइरहेको छ । संगसंगै कार्यक्षेत्र, कर्मचारी, रणनिति र कार्यक्रमका लागी खर्च गरिने श्रोतहरु पनि स्वभाविक रुपमा बढेको छ। सोही सन्दर्भमा किशोर किशोरी, महिला र दलितको क्षेत्रमा कार्य गरिने कपिलवस्तु जिल्लाकै अग्रणि संस्थाहरुको हाराहरिमा आफूलाई स्थापित गर्न सक्षम रहेको छ। संस्थाको कार्यक्रमका लागी चाहिने बजेट, दक्ष जनशक्तिहरु, स्रोत साधनहरु र बार्षिक योजना संस्थागत विकासको आधार स्तम्भ बनेको छ ।

अन्त्यमा, सामाजिक रुपान्तरणीय कार्यलाई बार्षिक रुपमा सामाजिक परिक्षणको माध्यमबाट दलित सामाजिक विकास केन्द्रले निरन्तरता तथा संस्थागत गर्दै आईरहेको छ । सामाजिक परिक्षण विशेषाङ्ग प्रकाशित गर्न सुझाव तथा पृष्ठपोषण दिई सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरु, अधिकारवाला, सरोकारवाला निकायहरु तथा संस्थाका पदाधिकारीहरु, र संस्थालाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने महानुभावहरु एवं कर्मचारी साथीहरुलाई सधन्यवाद तथा आभर ब्यक्ति गर्न चाहन्छु ।

# विषय सूची

**खण्ड १: परिचय**

१.१. संस्थागत परिचय

१.२. संस्थाको परिकल्पना, ध्येय र उद्देश्य

१.३. संस्थागत संरचना

१.४. कार्य समितिको विवरण

१.५. कर्मचारीहरुको विवरण

१.६. दक्ष जनशक्ति

१.७. संस्थामा समावेशी संरचना

**खण्ड २: सामाजिक परिक्षण परिचय**

२.१. परिचय

२.२. उद्देश्यहरु

२.३. फाइदाहरु

२.४. सामाजिक लेखाजोखाका क्षेत्रहरु

**खण्ड ३: आ.ब.२०७३/०७४ मा गरिएका कार्यक्रमहरुको सामाजिक परिक्षण**

३.१. अब मेरो पालो कार्यक्रम

३.२. एकिकृत शान्ति निर्माण परियोजना

३.३. समावेशी विकासका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम

३.४. विद्यालय स्वच्छ खानेपानी, स्वास्थ्य सरसफाई तथा खुला दिसा मुक्त क्षेत्र घोषणाका लागी सामाजिक कार्यक्रम

३.५. आगलागी रोकथमका लागी पूर्व तयारी कार्यक्रम

३.६. बालबालिकाका लागी वस्तुस्थिति विश्लेषण

**खण्ड ४: आ.ब.२०७३/०७४ मा गरिएको आन्तरिक कार्यक्रमहरुको सामाजिक परिक्षण**

४.१. बुद्ध नाट्क समुह

**खण्ड ५: संस्थाको आर्थिक करोबारको विवरण**

५.१. आ.व.२०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन

**खण्ड ६: सकारात्मक परिवर्तनका कथाहरु**

**खण्ड ७: पत्रपत्रिकामा प्रकाशित समाचारहरु**

**खण्ड ८: कार्यक्रमहरुको फोटोहरु**

# खण्ड १. परिचय

## १.१.संस्थागत परिचय :

समाजमा रहेको सामाजिक बिभेद बाट दलित, महिला विपन्न समुदाय पिडित रहेको वर्तमान परिपेक्षमा सामाजिक संरचनाले दृष्य अदृष्य बिभेद र अधिकार बाट बंचित गराई पछाडिपरिएको छ । बषौंदेखि विभेद बाट पिल्सिएर बसेका दलित समुदायका साथै महिला, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति, गरिब तथा बञ्चितिकरणमा परेका समुदायलाई सचेत र संगठित गराई उनीहरुको हक अधिकार बारे पैरबी र गरीबी न्यूनीकरण गर्ने उद्देश्यले २०६१ सालमा दलित सामाजिक विकास केन्द्र गोटिहवा-९, कपिलवस्तु जिल्ला प्रशासन कार्यालयमा दर्ता भई स्थापना भएको हो । यो संस्था दलित र उत्पीडित समुदायको उत्थान गर्ने, गैर नाफामुलक स्वतन्त्र सामाजिक संस्था हो ।

## १.२. संस्थाको परिकल्पना, ध्येय र उद्देश्य :

**परिकल्पना :-** यो संस्था एउटा विभेद रहित लैंगिक र जातीय समतामूलक समाजको परिकल्पना गर्छ जहाँ सबै बालबालिका, महिला, जाति, लिंग, शारीरिक सिमितता भएका व्यक्तिहरु आफ्नो क्षमताको पूर्ण उपयोग गर्दै स्वतन्त्र र सम्मानित जीवन यापन गर्दछन् ।

**ध्येय** : जात जाति, लिंग, वर्ग, धर्म सम्प्रदायको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने ।

**उदेश्य :-**

- दलित, अति गरिब, पिछडीएका जातीहरुलाई साक्षर बनाउनूका साथै चेतनशील र सशक्तिकरण गर्ने ।
- दलित,उत्पिडीत जातीहरुको बाहूल्यता रहेको स्थानमा भौतिक पुर्वाधरणका सुविधाहरु उपलब्ध गराउने ।
- जातिय भेदभाव, छुवाछुत सामाजिक शोषण एवं अन्धविश्वास विरुद्ध जागरण ल्याई आधारभूत मानव अधिकारको सवालमा जनवकालता गर्ने ।
- दलित समूदायको समस्या उपर कार्य गर्न समुह बनाउने र परिचालन गर्ने ।
- दलित उत्पिडीत वर्गको श्रम र शीपको उच्चतम प्रयोग गरी उत्पादकत्व बढाउन आधूनिकीकरण तथा शीप मूलक कार्यक्रममा सहयोग पूरयाउने ।
- आयआर्जन पेशालाई आधूनिकीकरण तथा शीपमूलक कार्यक्रम द्वारा आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम संचालन गर्ने ।
- अरु माथीका निर्भरता हटाउन उत्पिडीत वर्गको श्रम र शीपको उत्पादकत्व बढाउन सहयोग पूरयाउने ।
- आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रबाट पछाडी परेकाहरुलाई सदैव टेवा दिने जस्ता खालका कार्यक्रम संचालन गर्ने ।
- विभिन्न परिवारको आर्थिक विकास गर्नका लागि कृषि, वन,पशूपालनमा विशेषसहयोग दिई आय आर्जन र बचत कार्यमा अग्रसर बनाउने तथा बालबालिका, महिला, अपाङ र बृद्धहरुको संरक्षण र सम्बर्धन गर्ने ।
- खानेपानी प्रति अभिरुचि साथै आवश्यक योगदान गर्ने ।
- संस्थाको उद्देश्यसंग मेलखाने सम्पूर्ण संघ संस्थासंग सम्पर्क विस्तार गर्ने ।

### १.३ प्राथमिकता क्षेत्र :-

यस संस्थाले मुख्य रुपमा ग्रामिण क्षेत्रमा बसोबास गर्ने दलित, पिछडावर्ग, गरिब, विपन्न, महिला, अशिक्षित, किशोरीकिशोर, अपाङ्ग तथा जोखिम पुर्ण अवस्थामा रहेका समुदायहरु ।


### १.४ संस्थाको प्रमुख विषयगत/कार्यक्षेत्रहरु :

१) लैगिंक तथा सामाजिक समावेशीकरण
२) शिक्षा, स्वास्थ्य तथा वातावरण
३) जीविकोपार्जन, कृषि तथा उद्यम विकास
४) अधिकार, पैरवीतथा शान्ति
५) प्रकोप व्यवस्थापन तथा सहयोग
६) महिला तथा किशोरी किशोर सशक्तिकरण
७) शारीरिक सिमितता (अपाङ्गता) सशक्तिकरण

### १.५ संस्था आवद्ध/दर्ता भएका निकायहरु :

| संस्था | दर्ता नं. | दर्ता मिति |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | ३७१ | २०६१/०५/०२ |
| समाज कल्याण परिषद, लैनचौर, काठमाणडौ | २०५२३ | २०६३/०६/०८ |
| गैसस महासंघ, बुद्धनगर, काठमाणडौ | | २०६३ |
| दलित गैसस महासंघ, काठमाणडौ | | २०६३ |
| मधेशी गैसस महासंघ, काठमाणडौ | ०५५ | २०६४/०८/१३ |
| आन्तरिक राजश्व कर कार्यालय कृष्णनगर क.ब. | | |
| स्थायी लेखा नम्बर | पान: ३०१७७५२२१ | २०६१/११/१८ |
| आयकर छुट हुने संस्था दर्ता प्रमाण पत्र | च.न. १८७१. | २०६५/१०/०९ |

## संस्थागत संरचना




## कार्य समितिका पदाधिकारीहरुको विवरण २०७३

| क्र.स. | नाम | पद | लिङ्ग | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | राम शरन रैदास | अध्यक्ष | पुरुष | ९८५७०५११५८ |
| २ | निलम पासी | उपाध्यक्ष | महिला | ९८०५४००९७४ |
| ३ | मन्टू कोरी | सचिव | पुरुष | ९८४७२७७६०२ |
| ४ | राम चन्द्र कोरी | सहसचिव | पुरुष | ९८१५४२३७१५ |
| ५ | सुरजमति पासी | कोषाध्यक्ष | महिला | ९८०२७८४३३७ |
| ६ | राजेन्द्र पासी | सदस्य | पुरुष | ९८०४४५६५३३ |
| ७ | विन्दवासिनी हरिजन | सदस्य | महिला | ९८१७५७१०७२ |
| ८ | गीता हरिजन | सदस्य | महिला | ९८४७०६००५५ |
| ९ | संजय कुमार कोरी | सदस्य | पुरुष | ९८६७४००९७८ |

# कर्मचारीहरूको विवरण

## अब मेरो पालो कार्यक्रम

| नाम | ठेगाना | पद | शैक्षिक योग्यता | फोन नं. | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| गोविन्द धवल | रुपन्देही | कार्यक्रम अधिकृत | M.A. | ९८१७५१००६१ | संस्था र कार्यक्षेत्र |
| पुष्पा गुप्ता | क.व.न.पा.२ | प्रशासन तथा वित्तिय अधिकृत | I.com | ९८०२७८४३४८ | संस्था र कार्यक्षेत्र |
| संगिता चौरसिया | क.व.न.पा.३ | अनुगमन तथ मुल्याकंन सिकाई सुपरिवेक्षक | 10+2 | ९८१५४३५००१ | संस्था र कार्यक्षेत्र |
| विश्राम कोरी | क.व.न.पा.४ | शोसल नर्म्स सुपर भाइजर | 10+2 | ९८०२७८४३४६ | संस्था र कार्यक्षेत्र |
| फारिना खान | शिवराज न.पा.५ | सेक्सुवालिटी सुपर भाइजर | PCLStaff Nurse | ९८०५४८३६३६ | संस्था र कार्यक्षेत्र |
| रमेश कु. चौधरी | रुपन्देही | लघु उद्यम विकास सुपरभाइजर | I.Se.Age. | ९८०५४३९२६८ | शुद्धोधन गा.पा.६ मायादेवी गा.पा.६,७ क.व.न.पा.५ |
| विजय सापकोटा | शिवराज न.पा.५ | लघु उद्यम विकास सुपरभाइजर | B.B.S. | ९८०२७८४३३४ | कृष्णनगर न.पा. यशोधर गा.पा.७,८ |
| लग्गन हरिजन | क.व.न.पा.५ | सामाजिक परिचालक | B.A. | ९८०२७८४३४५ | यशोधरा गा.पा.७ |
| राजेश यादव | मायादेवी गा.पा.५ | सामाजिक परिचालक | 10+2 | ९८०२७८४३४४ | मायादेवी ५ |
| सुनिता यादव | बुद्धभुमि न.पा.७ | समाजिक परिचालक | 10+2 | ९८०२७८४३३९ | कृष्णनगर न.पा.६ |
| सच्चाराम हरिजन | शुद्धोधन गा.पा.६ | सामाजिक परिचालक | B.A. | ९८०२७८४३४० | मायादेवी ७ |
| कुसुम कोरी | शुद्धोधन गा.पा.३ | सामाजिक परिचालक | B.A. | ९८०७५३२६५१ | शुद्धोधन गा.पा.६ |
| लक्ष्मी चौधरी | महाराजगंज न.पा.६ | समाजिक परिचालक | 10+2 | ९८०२७८४३३१ | कृष्णनगर न.पा.५ |
| दिपा श्रेष्ठ | क.व.न.पा.३ | सामाजिक परिचालक | 10+2 | ९८४७४७४१३४ | क.व.न.पा.५ |
| अनिता श्रीमाल | क.व.न.पा.४ | सामाजिक परिचालक | 10+2 | ९८४७०६२०३१ | यशोधरा गा.पा.८ |
| निबर हरिजन | क.व.न.पा.५ | कार्यालय सहयोगी | 10 | ९८०२७८४३३२ | संस्था |

## एकिकृत शान्ति निर्माण परियोजना

| नाम | ठेगाना | पद | शैक्षिक योग्यता | फोन नं. | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| शतिष कु. हरिजन | कृष्णनगर न.पा.९ | कार्यक्रम संयोजक | M.A. | ९८०७४८८७३५ | संस्था |
| ललिता बरई | क.व.न.पा.४ | लेखा पाल | I.com | ९८०६९७४७८९ | संस्था |
| राजेन्द्र प्र. चौधरी | क.व.न.पा.५ | सामाजिक परिचालक | I.A. | ९८१६४३७७३२ | यशोधरा गा.पा.६ |
| शकुन्तला अग्रहरी | मायादेवी गा.पा.४ | सामाजिक परिचालक | SLC | ९८२१९८५४१८ | मायादेवी ४ |

## समावेशी विकासका लागी समुदायमा आधारित पुर्नस्थापना (अपाङ्गता) कार्यक्रम

| नाम | ठेगाना | पद | शैक्षिक योग्यता | फोन नं. | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| अनिल कु. द्विवेदी | क.व.न.पा.२ | कार्यक्रम संयोजक | M.A. | ९८०१३५३४२२ | संस्था |
| जीत नारायण यादव | शिवराज न.पा.९ | सामाजिक परिचालक | 10+2 | ९८४७२०३८५१ | यशोधरा गा.पा. ५ र ७ |
| शिव कुमारी गुप्ता | बुद्धभुमि गा.पा.१० | सामाजिक परिचालक | 10+2 | ९८१७४२२७५६ | यशोधरा गा.पा. ४ र ६ |

## खुल्ला दिशा मुक्तका क्षेत्र घोषण तथा विद्यालय सरसफाई

| नाम | ठेगाना | पद | शैक्षिक योग्यता | फोन नं. | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| शुवाष चन्द्र पासी | क.व.न.पा.४ | कार्यक्रम संयोजक | B.Ed. | ९८०५४४८९९० | संस्था |
| राम बृक्ष धोवी | शुद्धोधन गा.पा.२ | सामाजिक परिचालक | 10+2 | ९८२१४२५७७१ | शुद्धोधन गा.पा.३ |
| शुग्रीम यादव | शुद्धोधन गा.पा.५ | सामाजिक परिचालक | 10+2 | ९८०६९२३५८४ | शुद्धोधन गा.पा.५ |


## आगलागी रोकथमका लागी पूर्व तयारी कार्यक्रम


| नाम | ठेगाना | पद | शैक्षिक योग्यता | फोन नं. | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| शुवाष चन्द्र पासी | क.व.न.पा.४ | फोकल | B.Ed. | ९८०५४४८९९० | महाराजगंज न.पा. ७, ८ र १० |


## १) कार्यक्रमगत समावेशी संरचना :

| कार्यक्रमको नाम | जात/जाति | | | | | | | | | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाहुन/ क्षेत्री | | आदिवासी/ जनजाति | | दलित | | पिछडावर्ग | | मुस्लिम | | | | |
| | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | महिला | पुरुष | |
| अब मेरो पालो | ० | १ | १ | ० | २ | ५ | ४ | २ | १ | ० | ८ | ८ | १६ |
| एकिकृत शान्ति निर्माण परियोजना | ० | ० | ० | ० | ० | १ | २ | १ | ० | ० | २ | २ | ४ |
| समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम | ० | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | २ | ३ |
| आगलागी रोकथम पुर्व तयारी कार्यक्रम | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | १ |
| सामाजिक परिचालन मार्फत विद्यालय स्वास्थ्य तथा सरसफाई कार्यक्रम | ० | ० | ० | ० | ० | २ | ० | १ | ० | ० | ० | ३ | ३ |
| जम्मा | ० | २ | १ | ० | २ | ९ | ७ | ५ | १ | ० | ११ | १६ | २७ |

## समावेशी संरचना


कार्य समितिको विवरण
महिला ४
पुरुष ५
44%
56%


कर्मचारीको लैगिंक विवरण
महिला ११
पुरुष १६
41%
59%


कर्मचारीको जातिगत विवरण
बाहुन २
जनजाति १
दलित ११
पिछडावर्ग १२
मुस्लिम १
4%
4%
7%
44%
41%

## विषयगत जनशक्तिको विवरण :

| विषय | जम्मा |
|---|---|
| प्रस्ताव तथा प्रतिवेदन लेखन | ३ |
| पि.आर.ए./आर.आर. ए. | ५ |
| समुह गठन र सामाजिक परिचालन | ७ |
| विपत व्यवस्थापन | ३ |
| वचत तथा ऋण परिचालन र सहकारी विकास | ३ |
| संस्थागत विकास र साङ्गठनिक क्षमता अभिवृद्धि | ३ |
| क्षमता अभिबृद्धि, नेतृत्व विकास र महिला सशक्तिकरण | १० |
| योजना, अनुगमन तथा मूल्याङ्कन | ५ |
| लेखा  व्यवस्थापन | ५ |
| सामुदायिक स्वास्थ्य र एच. आई .भि./एडस | २ |
| आय आर्जन तथा उद्यम विकास | ५ |
| अधिकारमुखी अवधारणा | ६ |
| पत्रकारिता | ३ |
| गरिबीका अन्तर निहित कारणहरुको बिश्लेषण (युसीपीए) | १० |
| द्वन्द्व रुपान्तरण तथा मानव अधिककार | ४ |
| द्धन्द व्यवस्थापन | ३ |
| प्रतिवेदन तथा केश स्टोरी | ५ |
| महिला तथा दलित सशक्तिकरण | १० |
| किशोर किशोरी सशक्तिकरण | ५ |
| समुदायमा आधारित पुर्नस्थापना | २ |
| पुरुष संलग्नता | ५ |
| मनोसामाजिक स्वस्थ्यता | ३ |
| महिला शान्ति सुरक्षा | ३ |
| यौन तथा प्रजनन स्वास्थ्य, अधिकार | ३ |
| जीवन उपयोगी सीप | ५ |
| SIYB | ३ |
| पोषण | १ |
| GED तालिम | ३ |

# खण्ड २. सामाजिक परिक्षण परिचय

## २.१. परिचय :

सामाजिक लेखाजोखा वा सामाजिक परिक्षण संस्थाको सामाजिक तथा नैतिक कार्यसम्पादन मापन गर्ने मुख्य औजार हो । सहभागिता मुलक विकास प्रक्रियामा सेवाग्राही (हकवाला) र सेवा प्रदायक (दायित्ववाहक) हरुको सहभागिता गरिने समीक्षा तथा मुल्याङ्कन नै सामाजिक लेखाजोखा हो । यसले कुनै पनि विकास परियोजना वा कार्यक्रमको उद्देश्य के हो, कसका लागी हो, कसको सहयोगमा संचालन भएको हो, कति लागतमा संचालन भएको हो, समुदायको योगदान कस्तो रहेको छ, के के उपलब्धी प्राप्त भएको छ या अपेक्षा गरिएको छ, के कस्तो प्रभाव पर्न थालेको छ भन्ने कुराको लेखाजोखा गर्दछ । **सामाजिक लेखाजोखा/परिक्षण समुदायले महसुस गरेको उपलब्धि, अनुभव, बुझलाई र दृष्टिकतोष थाहा पाउने एक प्रजातान्त्रिक प्रक्रिया हो ।** यसले सेवा प्रदान गर्ने संस्थाको जवाफदेहिताको मापन गर्दछ । यस प्रक्रियाबाट समाजमा आएका सकारात्मक परिवर्तन, लक्षित समुह, समुदायले प्राप्त गरेका फाइदाको सम्बन्धमा सामाजिक दृष्टिकोष छर्लङ्ग हुन्छ । यसमा कार्यक्रमको उद्देश्य, प्रतिफल र सामाजिक प्रभावका सम्बन्धमा स्पष्ट लेखाजोखा गरेर सार्वजनिक गरिन्छ । यो कुनै कार्यक्रम नभएर विकास प्रक्रियालाई सार्वजनिक, पारदर्शी गर्ने एउटा पद्धति हो ,

## २.२. उद्देश्यहरु :

- सेवा प्रदान गर्ने, प्रत्यक्ष सेवा लिने, अन्य सम्बन्धित सरोकारवालाहरु बीच उसको व्यवहार, नीति र अभ्यासहरु मार्फत सो संस्थाको जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व बढाउने ।
- हामीले काम गर्ने व्यक्ति, लक्षित समुदाय र सरोकारवालाहरु बाट सल्लाह सुझाव लिएर आन्तरिक कार्यपद्धति बारे बुझ्न र सिक्नका लागी उपयुक्त वातावरण सिर्जना गर्ने ।
- संस्थागत सुधारका लागी सरोकारवालाहरु बीच अनुभव आदन प्रदान, सुचना गर्न र नयाँ सिकाई तथा सुनाईका लागी वातावरण तयार गर्ने ।
- सुमधुर सम्बन्ध स्थापना गर्न ।

## २.३.फाइदाहरु :

- क्षमता विकास
- पारदर्शिता
- सहभागिता
- समुदाय प्रति जवाफदेही
- अपनत्वको भावनाको विकास

## २.३. सातमाजिक लेखाजोखाको क्षेत्रहरु :

### १) संस्थागत शासन पद्धति :

संस्थाको उद्देश्य, योजना, नीति, कार्यान्वयन प्रक्रिया, लक्षित समुदायको सहभागिता, प्रभावकारी कार्य, उपलब्धीको अवस्था र व्यवस्थापन कसरी गरिएको आदि कुरालाई पारदर्शी हुने गरी समिक्षा गर्ने । त्यसका मुख्य गरी निम्न लिखित उद्देश्यहरु छन ।

- संस्थाको परिकल्पना, लक्ष्य, उद्देश्य, मुख्य मुल्यमान्यता र रणनीतिक योजना
- आर्थिक स्रोत र कार्यान्वयन प्रकृया
- संस्था र कर्मचारीको संरचना
- कर्मचारीहरुको विवरण
- संस्थागत नीति प्रणाली

### २) कार्यक्रम योजना तथा कार्यान्वन :

सामाजिक लेखाजोखाले योजना प्रकृयालाई समेत समेटेको हुन्छ जसमा योजना तर्जुमा, कार्यान्वयन, मुल्याकंन र पृष्ठपोषण पर्दछन् ।

- मुख्य कार्यक्रम, गतिविधि र बजेट
- परिणाम क्षेत्र र मापन गर्न औजारहरु वा सुचकहरु
- उपलब्धी, सिकाई, सफलता र चुनौती
- गुणस्तर निर्धारण तरिका र सुनिश्चित गर्ने प्रणाली
- कार्यक्रम र भौगोलिक क्षेत्रहरु र जनसंख्या विवरण
- बजेट प्रगति विवरण (मासिक र बार्षिक), प्रत्येक कार्यक्रमको बजेट र मुल्याङ्कन प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन

### ३) वित्तिय व्यवस्थापन तथा कार्य सम्पादन :

- जम्मा बजेट र खर्च
- वित्तिय नीति तथा प्रणाली (समान खरिद, आन्तरिक लेखा परिक्षण, बाह्र्य लेखा परिक्षण, वित्तिय प्रतिवेदन प्रकृया, योजना बजेट तयार गर्ने प्रणाली)
- कार्यक्रम र प्रशासनिक खर्च
- आगामी बर्षका लागी बजेट प्रक्षेपण

### ४) सम्बन्ध व्यवस्थापन :

- दातृ निकायहरु तथा साझेदार संस्थाहरुको सुची
- समुदाय सहभागिता र योगदान
- सरोकारवालाहरुको सुची
- संघसंस्था, महासंघ, संजाल तथा अन्य संगठनको सदस्यता

# खण्ड ३. कार्यक्रमगत

## आ.ब.२०७३/०७४ मा गरिएका कार्यक्रमहरुको सामाजिक लेखा परिक्षण

यस संस्थाले आ.ब.२०७३/०७४ मा गरेका बार्षिक कार्यक्रमहरुको विस्तृत विवरण र सामाजिक परिक्षण अध्ययन प्रतिवेदन निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.१. कार्यक्रमको नाम :- अव मेरो पालो

**दातृ निकाय:** केनडेडा फण्ड
**सहयोगी संस्था:** केएर नेपाल
**स्वीकृत रकम:** १७३,५९,१३५/-
**खर्च रकम:** १३८६७६५५/-
**परियोजना अवधी:** पहिलो चरण १ अप्रैल २०१४ देखि ३० जुन २०१७ सम्पन्न भएको
**दोस्रो चरण:** जुलाई २०१७ देखि जुन २०१८ सम्म संचालनमा रहेको

**कार्यक्षेत्र :**

| हालकोन.पा/गाउँ पालिका | वडा नं. | गाउँ/टोल | साविक गा.वि.स. | वडा नं. |
|---|---|---|---|---|
| कपिलबस्तु न.पा. | ५ | दलदलहा | गोटिहवा | २ |
| शुद्धोधन गाउँपालिका | ६ | सानो कर्मा | बासखोर | ६ |
| मायादेवी गाउँपालिका | ५ | सिसहनिया | बलुहवा | ७ |
| मायादेवी गाउँपालिका | ७ | नौडिहवा | हरनामपुर | ३ |
| यशोधर गाउँपालिका | ८ | खोरिया | सिहोखोर | ७ |
| यशोधर गाउँपालिका | ७ | बेल्सापुर | सोमडिह | ६ |
| कृष्णानगर न.पा | ५ | गुलरी | पुरुषोत्तमपुर | ९ |
| कृष्णानगर न.पा | ७ | अजिगरा | अजिगरा | १ |
| जम्मा | ८ वटा गाँऊ | | | |

**लक्षित समुह/समुदाय :**

किशोरी, किशोर, अभिभावक,गाउँ बाल संरक्षण तथा सम्बर्द्धन उपसमिती,विद्यालय व्यवस्थापन समिति,बाल क्लब,धर्मगुरु ।

**कार्यक्रमको विषयगत क्षेत्रहरु :** (Thematic Area ) :

१. सामुदायिक सहभागिता र परिचालन
२. क्षमता अभिबृद्धि
३. सञ्चार र पैरवी
४. योजना, अनुगमन, मुल्याङ्कन र सिकाई
५. प्रकाशन र दस्तावेजीकरण

## कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :

**क) लक्ष्य** : बाल विवाहका अन्तरनिहित कारणहरुको सम्बोधनका लागी नवीनतम प्रयोग तथा पैरवी

**ख) उद्धेश्यहरु** :

- घरका अभिभावक तथा समुदायका अगुवाहरु र किशोरकिशोरीहरु बीचको सम्बन्धलाई समानता र समता मुलक बनाउदै बाल विवाहको जड कारणहरुलाई सम्बोधन गर्ने ।
- बाल विवाहलाई न्यूनिकरण गर्दै यौनिकता र लैगिंकताका बारे बिद्यमान नकारात्मक मूल्य मान्यताहरु परिवर्तन गर्ने ।

## कार्यक्रमको मुख्य उपलब्धीहरु :

- ८० जना किशोरी/महिलाहरु विभिन्न आयमुलक क्रिया क्लापमा संलग्न रहेका छन ।
- शुद्धोधन र यशोधरा गाउँपालिका द्वारा २ वटा टोललाई १०० प्रतिशत जन्म दर्ता युक्त गाउँ घोषणा गर्नमा सहयोग (सानोकर्मा र खोरिया) गरिएको छ ।
- १६९ (१२७ किशोरी तथा ४२ जना किशोरहरु) मा स्कुल सहयोग कार्यक्रम (छात्रबृत्ति) वितरण गरिएको छ ।
- किशोरी किशोर सामुदायिक सिकाई केन्द्र (भवन निर्माण) सोमडिह, पुरुषोत्तपुर र क.व.न.पा.५ दलदलहामा तयार भएको छ ।
- केन्द्रमा आइरहेका १४२ किशोर २८२ किशोरीहरु र ११२ जना अभिभावकहरु बाल विवाह निरुत्साहित अभियानमा प्रत्यक्ष संलग्न भएकाद छन् र समुदायका अन्य व्यक्तिहरुलाई पनि अभियानमा संलग्न हुन प्रोत्साहन गरिरहेका छन ।
- किशोरी किशोर समुह बाट किशोरी २ र किशोर ४ जना गरी जम्मा ६ जना समुह सहजकर्तामा कार्य गर्न अवसर प्राप्त गरेका छन ।
- ११ जना किशोरीहरु कम्प्युटर तालिम प्राप्त गरेको र ३ जना किशोरीहरु LAB Technician Course पढने अवसर प्राप्त गरेका छन् ।
- व्यवसायीक तालिम ३ ठाउँमा ८० जनालाई दिएको कृषि व्यवसाय, खुद्रा पसल, चिया पसल, च्याउ खेती, चप्पल बनाउने तालिम दिई व्यवसाय शुरु गरिरहेका छन् ।
- प्रजनन स्वास्थ्य बारे जानकारी पाई ३० जनाले परिवारनियोजन गराएकाछन् ।
- किशोरीहरुको नागरिकता बनाउन अभिभावकहरुले शुरुवात गरेका छन । ( २१ जना किशोरीहरुले नागरिकता प्राप्त गरेका छन्)
- समुहका अधिकांश किशोरीहरु आफनै शिप प्रयोग गरी सेनेटरी प्याड बनाउन सक्षम भएकाछन् ।

## कार्यक्रमको मुख्य प्रभावहरु :

- स्कुल छोडेका ५६ जना किशोरी किशोरहरु स्कुल सहयोग कार्यक्रम (छात्रबृत्ति) बाट नियमित स्कुल गईरहे का छन ।
- कार्यक्षेत्रका ३० जना धर्म गुरुहरु परियोजनाबाट प्रभावित भएर बाल विवाह निरुत्साहित गर्न स्वस्फूर्त रुपमा भूमिका निर्वाह गरिरहेका छन् ।
- जिल्ला स्तरमा धर्मगुरुको अन्तर धार्मिक संजाल गठन भएको छ । संजालले वालविवाह विरुद्ध अभियान तथा हानिकरक मूल्य सामाजिक मान्यताहरुको विरुद्ध अभियानहरु संचालन गरिरहेको छ ।

- किशोरकिशोरी र अभिभावकहरु बाल विवाह निरुत्साहित अभियानमा प्रत्यक्ष संलग्न भई समुदायका अन्य व्यक्तिहरुलाई सो अभियानमा संलग्न हुन उत्प्रेरित गरिरहेकाछन् ।
- यौन तथा प्रजनन स्वास्थ्य जस्ता संवेदनशिल विषयमा किशोरी दौतरी साथीहरुसंग र घरपरिवारमा छलफल गर्न शुरुवात गरेका छन् ।
- किशोरी किशोर सामुदायिक सिकाई केन्द्र (भवन निर्माण) बेलसापुर, गुलरी र दलदलहामा तयार भएको छ जसमा नियमित छलफल प्रभावकारी तरिकाले भई रहेको छ ।
- किशोरीकिशोरहरु विभिन्न संरचनाहरुमा सहभागी हुन थालेका छन । (बाल क्लब, गा.वि.स.स्तरिय बाल संजाल, जिल्ला युवा संजाल, भीसीपीसी)
- किशोरहरु बहिनीहरुलाई बिद्यालय जान, अधिकारको बारेमा घरमा कुरा गर्नँको साथै आफूहरु घरायसी काम गर्न शुरुवात गरेका छन् ।
- किशोरी किशोरहरु भविष्य प्रति सपना देख्न र उमेर पुगेपछि मात्र बिवाह गर्ने सोच बनाएको र घरमा पनि विवाह र गौनाको प्रस्तावहरु अस्वीकार गरीरहेका छन् ।
- एक अर्कासंग बोल्न हुदैन भन्ने मान्यतालाई चिर्दै किशोर किशोरीहरुले मिलेर संयुक्त रुपमा फुटवल, क्रिकेट, भलिभल खेलहरु खेलीरहेका छन ।
- किशोरी किशोरहरुले कुरीतिहरुको अन्त्यका लागी आफै सडक नाटक बनाई देखाई रहेका छन ।
- धर्मगुरुहरुले धार्मिक ग्रन्थ संग जोडेर विवाह, लैगिंक समानताका कुरा अब बुझाई रहेको छन । जस्तै कल्फ हुसेन, रामानन्द दुवे, श्रीराम मिश्रा लगायत धर्मगुरुहरु रहेका छन ।

**नमुना कार्यहरु :**

- खाना पकाउने प्रतियोगिता
- रक्षा बन्धन
- सडक नाटक
- अन्तरपिढी संवाद
- शतप्रतिशत जन्मदर्ता युक्त गाउँ घोषणा

**सिकाईहरु :**

- गरीबीको अर्न्तनिहित कारण पहिचान तथा विश्लेषण गर्ने पद्धतिले स्थानिय स्तरमा समुह गठन, परिचालन, सवाल पहिचान र सामाजिक कार्यहरु संचालन गर्न सहज भएको छ ।
- लैंगिक हिंसा सम्बन्धी आभिमुखिकरणमा महिला र पुरुष दुवैलाई संगै दिंदा प्रभावकारी हुने । जोडी छलफल कार्यक्रम गर्दा प्रभावकारी भएको छ ।
- सरोकारवाला र संस्थाको संयुक्त अनुगमनबाट परियोजना सञ्चालनमा देखिएको कमि कमजोरी सुधार गर्न सहयोग प्राप्त भएको छ ।
- कार्यक्रमको मुख्य लक्षित समुह किशोरी किशोर भएकोले छिटो परिवर्तन देखिएको छ ।
- कार्यक्रमको संरचना बहुआयमिक भएकोले कार्यक्रम नजिता मुखी भएको छ ।

**सुझावहरु :**

- सामुदायिक भवन नभएको केन्द्रहरुमा छलफल गर्न विभिन्न समयमा अप्ठराहरु देखिएको हुदा प्रत्येक
- छलफल केन्द्रमा सामुदायिक भवन निर्माण गर्न आवश्यक रहेको छ ।
- कार्यक्रमको कार्यक्षेत्र ८ वटा टोलमा मात्र सिमित रहेकोले टोलहरु विस्तार गर्नु पर्ने ।
- विद्यालय सहयोग (छात्रबृत्ति) थप हुनु पर्ने ।
- मिडिया परिचालनमा निरन्तर जोड दिनु पर्ने ।
- आयआर्जनमा थप लगानी गर्नु पर्ने ।

**समस्या/चुनौती :**

- छलफल केन्द्र संचालनका लागी उपयुक्त स्थानको अभाव रहेको छ ।
- किशोरीशिक्षा तथा बालिका सशक्तिकरणको क्षेत्रमा समुदायले कम महत्व दिएको ।
- सामुहिक कार्य गर्न समुदायका व्यक्तिहरुको अग्रसरतामा कमी, कम सहभागिता ।
- सामाजिक र सांस्कृतिक सोचले गर्दा किशोरीहरु अवसरबाट बञ्चित ।
- किशोरी तथा बुहारीहरुको नागरिकता बनाउन अभिभावकहरुले अप्ठयारो मानी रहेको ।

## ३.२. कार्यक्रमको नाम : - एकिकृत शान्ति निर्माण परियोजना

**दातृ निकाय** :- हिमाल पार्टनर / नर्वे
**सहयोगी संस्था** :- यूनाईटेड मिशन टू नेपाल
**स्वीकृत रकम** :- २३९१६६९।
**खर्च रकम** :- २२७००२३।
**परियोजना अवधी** :- अप्रैल २०१६ देखि डिसेम्बर २०१७ सम्पन्न भएको छ । (निरन्तर)

**कार्यक्षेत्र :**

| हालको ठेगाना | | | साविक गा.वि.स. | |
|---|---|---|---|---|
| **न.पा/गाँउ पालिका** | **वडा नं.** | **गाँउ/टोल** | **गा.वि.स.** | **वडा न.** |
| यशोधरा गाउँपालिका | ६ | रंगपुर, भैसहीया, पुर्निहवा | रंगपुर | १,२,३,४,९ |
| मायादेबी गाउँपालिका | ४ | पिपरा, सानो गौरा, ठुलो गौरा | पिपरा | ४,५,७,८,९ |
| जम्मा | २ वटा वार्ड | | | |

**लक्षित समुह/ समुदाय :-**

किशोर किशोरीहरु, महिला, दलित, विपन्न, गरिब, धर्मगुरु, हिन्दू र मुस्लीम

**विषयगत क्षेत्र** :-(Thematic Area ) :

- शान्ति निर्माण
- जीविकोपार्जनमा सुद्धिकरण
- सामाजिक रुपान्तरण

## कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :

**क) लक्ष्य** :- प्रत्येक घरधुरी, समुदाय तथा राष्ट्रिय स्तरमा रुपान्तरित सम्बन्धहरु विकास गर्नको लागि प्रत्येक व्यक्ति, नागरिक समाज र अन्य सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

**ख) उद्धेश्यहरु**

विभिन्न धार्मिक आस्था राख्ने व्यक्तिहरु बीच विश्वास र मेलमिलाप सहितको त्रासरहित बातावरण स्थापना हुनेछ ।

## कार्यक्रमको मुख्य उपलब्धीहरु :

- पिपरा र रंगपुर अन्तरगत ८ वटा महिला र ४ वटा किशोर किशोरी समुह तथा २ वटा पुरुष सहयोग समिति गठन भएको छ जसमा शान्तिका लागि स्थानीय सवालहरुमा छलफल भईरहेको छ ।
- पिपरा र रंगपुरका ५४ जना धार्मिक अगुवा र राजनीतिक दलका व्यक्तिहरु शान्तिको सवालमा अर्न्तक्रिया कार्यक्रममा सहभागी भई समाजमा विद्यमान कुरीति, कुसंस्कृति, नीति नियमलाई शान्ति निर्माणको लागी बहस गर्न थालेका छन् ।
- पिपरा र रंगपुरका दुई वटा महिला संजालहरु गठन भई समूह र संजाल वीच समस्या समाधान तथा सूचना आदान प्रदानको अभ्यास शुरु भएको छ ।
- पिपरा र रंगपुरका २९ जनापुरुषहरुले लैगिकं समानताको विषयमा तालिम प्राप्त गरी थप सहयोगी पुरुष बनाउने अभियान शुरु गरेका छन् ।
- ८० जनाको सहभागितामा १६ जना छात्रछात्राहरु महिला हिंसा अन्त्यका लागि आफ्नो विचार धारणाहरु राखेका छन् ।
- श्री बासुदेव जनता मा.वि.का२० जना विपन्न, गरिब र जेहन्दार विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरिएको छ ।
- २१ जनाले द्वन्द्व व्यवस्थापन बारे जानकारी प्राप्त गरे ।
- साविक रंगपुर र पिपरा गा.वि.स.मा २ वटा मदरसामा फर्निचर सामग्रीहरु(कुर्सी, टेबल, दराज, ब्हाईट बोर्ड, पि फाम) वितरण गरिएको छ जसले गर्दा ३०० जना बालबालिकाहरु राम्रो सित बसेर पढन पाएका छन ।
- १८ वटा विभिन्न ठाउँमा सन्देश मुलक भित्ते लेखन गरिएको छ। जसबाट पुरुष सहभागीता बढने र घरेलु हिंसा, बाल विवाह जस्ता कुप्रथाको अन्त्यको लागि समुदायका व्यक्तिहरुले छलफल गरिरहेका छन ।

## कार्यक्रमको मुख्य प्रभावहरु :

- समुदायमा रहेका विभिन्न आस्था राख्ने ब्यक्तिहरु एक अर्काको चाडपर्वहरुमा मिलेर मनाईरहेका छन । भाईचराको सतभाव बढेको छ ।
- धर्मगुरुहरुको सामाजिक कार्यमा चासो बढेको छ । अब आफै अगुवाई गरी रहेका छन । जसले महिला र किशोरीहरुको गतिशिलता बढेको छ ।
- समुदायका ब्यक्तिहरुले संयुक्त रुपमा सामाजिक कार्यहरु गर्दै अगाडी बढि रहेका छन ।

**नमुना कार्यहरु**

- दशै र ईदको शुभकामना अदान प्रदान कार्यक्रम गरियो ।
- किशोरी किशोर बीच खाना बनाउने प्रतियोगिता ।
- अन्तरपिढी संवाद ।

**सिकाई :**

- लैंगिक हिंसा सम्बन्धी अभिमुखिकरण महिला पुरुष दुवैलाई दिदा प्रभावकारी भएको छ ।
- सडक नाटकको माध्यमबाट समुदायका व्यक्तिहरुले छिटो बुझिई एक आपस कुराकानी गरी रहेका छन ।
- लैंगिक हिंसा अन्त्य गर्न जोडी छलफल तथा नमूना जोडीलाई सम्मान गर्दा कार्यक्रमको प्रभावकारीता बढ्दो रहेछ ।

**सुझावहरु :**

- संजाल तथा समुह विस्तार गर्नु पर्ने ।
- कार्यक्षेत्रको सवै गाउँटोलमा निरन्तर रुपमा सडक नाटक संचालन गर्नु पर्ने ।

**समस्या चुनौती :**

- पुरुषबादी चिन्तन एव पितृसत्तात्मक सोच बदल्न अधिक समय लाग्ने ।
- मुस्लिम युवा महिलाहरुलाई महिला समुहमा ल्याउन गाह्रो भई रहेको ।
- समुदायका व्यक्तिहरुले सामुदायिक कार्य गर्न गाह्रौ मान्ने ।
- समुहका सदस्यहरुले ज्याला मजदुरीमा निर्भर रहेकाले कृषि कार्य गरिने भएको हुदा समुह छलफल बन्द गर्नु पर्ने ।

## ३.३. कार्यक्रमको नाम : - समावेशी विकासका लागी समुदायमा आधारित पुर्नस्थापना (अपाङ्गता) परियोजना

**दातृ निकाय** : ट्रांसफर एड इन्टरनेशनल - TAI
**सहयोगी संस्था** : यूनाईटेड मिशन टू नेपाल
**स्वीकृत रकम** : १०,०६,७५०।-
**खर्च रकम** : ७,३८,४४०।
**परियोजना अवधी** : २८ माघ २०७३ देखी ३१ असार २०७४ (निरन्तर)

**कार्यक्षेत्र :**

| हालको ठेगाना | | | साविक गा.वि.स. | |
|---|---|---|---|---|
| **न.पा/गाँउ पालिका** | **वडा नं.** | **गाँउ/टोल** | **गा.वि.स.** | **वडा नं.** |
| यशोधरा गाँउ पालिका | ६ र ७ | वार्ड भरी | सोमडीह र बैदौली | १,देखी ९ |
| जम्मा | २ वटा वार्ड | | | |

**लक्षित समुह/समुदायः** अपाङ्गता भएका व्यक्ति र वहाँहरुको परिवार

**कार्यक्रमको विषयगत क्षेत्र :**

- अपाङ्गता भएका ब्यक्तिहरुलाई सशक्तिकरण
- जीविकोपार्जनमा सुद्धिकरण
- सीप विकास
- स्वास्थ्य
- शिक्षा
- विभिन्न संरचनामा पहुँच

**कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :**

**क) लक्ष्य** :- समान नागरिक सरह अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारहरुलाई सुधारिएको गुणस्तरिय जीवन प्राप्तीका लागि सक्षम बनाउन ।

**ख) उद्धेश्यहरु**

अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिणरुपले समुदायमा पुर्नस्थापित हुन सक्ने बाताबरणको सृजना गर्ने ।

**कार्यक्रमको मुख्य उपलब्धीहरु :**

- १५ जना अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक सामाग्री उपलब्ध गराइयो ।
- १० जनालाई समुदायमा आधारित पुर्नस्थापना चिकित्सा उपलब्ध गराईयो ।
- २० जनाले उद्यम शिलता विकास तालिम प्रदान गरेका छन ।
- ५ जनालाई आय आर्जनको लागि आर्थिक सहयोग प्राप्त गरी व्यवसाय शुरु गरेका छन ।
- ३१ जनालाई अपाङ्गता मैत्री विद्यालय तथा बाताबरण सम्बन्धी तालिम प्रदान गरेका छन ।
- १९ जना विभिन्न संघ संस्थाका अपाङ्ग प्रतिनिधिहरुले आफै पैरबीको लागि क्षमता अभिबृद्धि तालिम प्राप्त गरेका छन ।
- २८ जना अपांङ्ग मैत्री बाताबरण तथा स्वारोजगार विषयक अर्न्तक्रियमा सहभागी भई सहयोग र सहकार्यमा अभिबृद्धि भएको छ ।
- १२०० जनालाई सडक नाटकको माध्यमबाट अपाङ्गता विषयमा जनचेतना अभिबृद्धि गरियो ।

**कार्यक्रमको मुख्य प्रभावहरु :**

- ५ जना अपाङ्कता भएका ब्यक्तिहरुले जीविकोपार्जन गरी आत्म निर्भर भएका छन ।
  १५ जनाले छात्रबृत्ति सहयोग प्राप्त गरि नियमित स्कुल गई रहेका छन ।
- अपाङ्गता भएका ब्यक्तिहरुले परिचय पत्रको महत्व बुझि बनाउनका लागी पहल गरिरहेका छन ।
- अपाङ्गता भएका ब्यक्तिहरुको घर परिवार र समुदायले सुसम्मान साथ कुराकानी तथा ब्यवहार गर्न शुरुवात गरेका छन ।

**नमुना कार्यहरु :**

- समुदायमा पुर्नस्थापना चिकित्सा सेवा
- अपाङ्गता भएको व्यक्तिलाई आय आर्जनमा सहयोग ।

**सिकाईहरु :**

- सडक नाटकको माध्यमबाट समुदायका व्यक्तिहरुलेअपाङ्गता विषय बुझाउन सजिलो भएको छ ।

**सुझावहरु :**

- आयआर्जनमा धेरै जनालाई सहयोग गर्नु पर्ने ।
- बेला बेलामा अवलोकन भ्रमण हुनु पर्ने ।

**समस्या चुनौती :**

- स्थानिय स्तरमा अपाङ्गहरुको समुह संजाल नहुदा सवाल पहिचान तथा उठान गर्न गाह्रो हुनु ।
- धर्म,परम्परा र संस्कृतिले गर्दा अपाङ्गहरुलाई हेर्ने दृष्टिकोण संकुचित र घृणित हुनु

## ३.४. कार्यक्रमको नामः विद्यालय स्वच्छ खानेपानी, स्वास्थ्य सरसफाई तथा खुला दिसा मुक्त क्षेत्र घोषणाका लागी सामाजिक कार्यक्रम

**सहयोगी संस्था** : युनिसेफ नेपाल

**स्वीकृत रकम : १९,२२,२९०**

**खर्च रकम : १९,२१,५९०**

**परियोजना अवधी : १० मई २०१६ देखी मार्च २०१७**

**कार्यक्षेत्र :**

| हालको ठेगाना | | | साविक गा.वि.स. | |
|---|---|---|---|---|
| **न.पा/गाँउ पालिका** | **वडा नं.** | **गाँउ/टोल** | **गा.वि.स.** | **वडा नं.** |
| शुद्धोधन गा.पा. | ३ र ५ | | लबनी र हथिहवा | १ देखि ९ सम्मा |

**लक्षित समुह/समुदायः** चर्पी नभएका घरधुरी तथा विद्यालय, बाल क्लब, भीवासीसी

**कार्यक्रमको विषयगत क्षेत्र :**

- चर्पी निर्माण
- फोहोर व्यवस्थापन
- विद्यालयमा स्वच्छ खानेपानी तथा सरसफाई
- वास सम्बन्धि चेतना अभिबृद्धि

## कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :

**क) लक्ष्य** :- स्वच्छ खानेपानी तथा सरसफाई गरी खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने ।

**ख) उद्धेश्यहरु** :

- सामाजिक परिचालन मार्फत विद्यालय स्वास्थ्य तथा सरसफाई गर्ने वातावरण निर्माण गर्ने ।
- विद्यालयमा स्वच्छ खानेपानी तथा फोहोर व्यवस्थापनका लागी अवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्ने ।
- समुदाय, बालक्लब तथा भीवासीसी संग समन्वय तथा सहकार्य गरी खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्नका लागी पहल गर्ने ।

## कार्यक्रमको मुख्य उपलब्धीहरु :

- बाल क्लबहरुलाई सरसफाई बारे जनचेतना अभिबृद्धि तथा ९ वटा स्कुलका बाल क्लबहरुलाई शैक्षिक सामाग्री सहयोग प्राप्त गरी वालक्लबहरुलाई सरसफाई बारे सचेत भई सरसफाई सरसफाई गरी रहेको छन् ।
- ९ वटा विद्यालयमा स्वच्छ खानेपानी तथा फोहोर व्यवस्थापनका लागी आवश्यक पूर्वाधारमा सहयोग प्रदान भएको त्यसले सरसफाईमा विशेष ध्यान दिई रहेका छन् ।
- सडक नाटक प्रर्दशन वाट १५०० जना ब्यक्तिहरुलाई चर्पी निर्माणको लागी सचेत भई चर्पी निर्माणका लागि पहल गरी रहेका छन् ।
- साविक गा.वि.स. कार्यालय लबनी र हथिहवा मार्फत ३१८ वटा गरिब घरधुरीहरुमा लागी चर्पी निर्माणका निम्ति सहयोग गरिएको ।
- ९ वटा विद्यालयमा रहेका सवै कक्षा कोठामा खानेपानी राख्ने भाडा उपलब्ध गराएकोले विद्यार्थीहरुले आफ्नै कोठामा पानी खाना पाएका छन् ।
- नियमित रुपमा भीवासीसी संग छलफल तथा घरदैलो कार्य गरेको ।
- खुल्ला दिसा मुक्त क्षेत्र घोषणाका लागि तयारी भईरहेको ।

## कार्यक्रमको मुख्य प्रभावहरु :

- ८ वटा विद्यालयका विद्यार्थीहरुलाई स्वच्छ खानेपानी तथा चर्पीको राम्रो ब्यवस्था भएको ।
- ३१८ घरधूरीमा गा.वि.स.मार्फत चर्पी निर्माणका लागी सहयोग गरी हाल सम्मा १८०४ वटा चर्पी निर्माण भई सकेको छ ।
- फोहोर ब्यवस्थापन तथा नि.मा.स्कूलमा इन्सीनेटरको ब्यवस्था भएकोले किशोरी विद्यार्थीहरुको स्कूल नियमित भएको छ ।

## नमुना कार्यहरु :-

- सवै विद्यालयको कक्षा कोठामा खानेपानी राख्ने भाडाको ब्यवस्था भएको ।
- विद्यालयहरुमा फोहोर ब्यवस्थापन तथा आवश्यकता भएको विद्यालयमा इन्सीनेटर निर्माण भएको ।

## सिकाईहरु :

- केही समुदाय बाहेक अन्य समुदायमा चर्पी निर्माण गर्दा धेरै सजिलो भएको छ ।
- सडक नाटक बाट समुदायका ब्यक्तिहरु धेरै छिटो बुझिरहेका छन ।

**सुझावहरु :**

- चर्पी निर्माणका लागी सामाग्री उपलब्ध गराउनु पर्ने ।
- चर्पी निर्माण तथा स्वच्छ खानेपानीको महत्व वारे सबै टोलहरुमा तालिम गोष्टी राख्नु पर्ने देखिन्छ ।

**समस्या चुनौती :**

- केही मुस्लिम र यादव समुदायको बासोवास भएको गाउँमा चर्पी निर्माण गराउन धेरै गाह्रौ रहेको पाइयो ।

## ३.५. कार्यक्रमको नाम : - आगलागी रोकथमका लागी पूर्व तयारी कार्यक्रम

**सहयोगी संस्था** : यूनाईटेड मिशन टू नेपाल

**स्वीकृत रकम** : २४८२२०।

**खर्च रकम** : २,४०,६१३।

**परियोजना अवधी** : १८ चैत्र देखि ३१ असार २०७४ सम्मा

**कार्यक्षेत्र :**

| हालको ठेगाना | | | साविक गा.वि.स. | |
|---|---|---|---|---|
| न.पा/गाँउ पालिका | वडा नं. | गाँउ/टोल | गा.वि.स. | वडा नं. |
| महाराजगंज न.पा. | ७, ८ र १० | | कजरहवा, कुशहवा र हरदौना | १ देखि ९ सम्मा |
| जम्मा | | | | |

**लक्षित समुह/समुदाय :** आगलागीको जोखिममा हुने घर परिवार र समुदायहरु

**कार्यक्रमको विषयगत क्षेत्र :**

- जनचेतना अभिबृद्धि
- पूर्वतयारीका लागी सामाग्री वितरण (समुहगत)
- क्षमता अभिबृद्धि

**कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :**

**क) लक्ष्य** :- आगलागी हुने प्रकोप बाट जोगिन समुदायहरु सचेत भएका हुने छन ।

**ख) उद्धेश्यहरु :**

- समुदायलाई आगलागी बाट बच्न सचेतना मुलक गतिविधिहरु संचालन गर्ने ।
- समुह निर्माण गरी आगलागी बाट रोकथमका लागी सामाग्रीहरु सहयोग गर्ने ।
- विद्यालयका बालबालिकाहरुलाई सचेत गर्ने ।

### कार्यक्रमको मुख्य उपलब्धीहरु :

- साविक ३ वटा गा.वि.स.हरुमा आगलागी रोकथामका लागी ४/४ पटक माईकिग गरियो साथै रेडियो प्रशारण भएकोले जनसमुदाय सचेत भएको छन् ।
- विद्यालयका बालबालिकाहरुलाई आगलागी रोकथामका लागी वक्तृत्वकला प्रतियोगिता गराईएकोले घर परिवारका व्यक्ति समेत सचेत भएका छन ।
- तीन वटै गा.वि.स.हरुको २/२ वटा टोलहरुमा सडक नाटक प्रर्दशन जम्मा ६ स्थानमा भएको जसमा सहभागी संख्या १४६० (महिला ५९५ र पुरुष ८६५) जना सचेत भएकाछन् ।
- ५ वटा समुहहरुमा जम्मा सहभागी १५९ जना रहेको त्यसमा ४४ महिला, ११५ पुरुष रहेका थिए । आगलागी पूर्व तयारीको प्रत्यक्ष क्रियाकलापहरुमा सहभागी भई सचेत भएकाछन् ।
- कजरहवा, सिङ्गरहा, कुशहवा र हरदौना लगायत ४ गाउँमा २० वटा हेण्डपम्प विगत वर्ष देखि बन्द रहेकोले वाल, वार्सर, नट वोल्ट, वाल काटी, रिन्च समेत सहयोग गर्दा २० वटै हेन्डपम्प संचालन भएकाछन् ।
- कजरहवाको सिङ्गरहामा एक वटा इनारको ढक्कन ढलान गरि सो ईनारलाई ब्यवस्थापन गरिएको छ । त्यसै गरी कुशहवाको एउटा इनारको जग निर्माण भएकोले मानिस तथा पशुपंक्षी खस्नबाट बचेकाछन् ।
- गठित ५ वटा समितिहरुका २०४ जना सहभागीहरु (महिला ६८ र पुरुष १३६) लाई क्षमता अभिबृद्धि गरियो ।

### कार्यक्रमको मुख्य प्रभावहरु :

- कार्यक्रम संचालन भए देखि तीन वटै गा.वि.स.को कुनै पनि गाउँटोलमा आगलागी भएन ।
- २० वटा हेण्डपम्प नियमित रुपमा संचालन भएको छ ।
  आगलागी हुने समयमा समुदायका व्यक्ति आगलागी हुन नदिने बारे छलफल गरी रहेका छन् ।

### नमुना कार्यहरु :-

- दुई वटा इनार मार्मत सम्भार भएको ।
- आगलागी नियन्त्रणका लागी सामाग्री वितरण ।

### सिकाईहरु :

- सडक नाटक तथा माईकिग कार्यक्रमले गर्दा मानिसहरुलाई नियमित जागरुक भरेकोले यस वर्ष कुनै पनि गाउँ टोलमा आगलागी भएको छनै ।

### सुझावहरु :

- सामुदायका ब्यक्तिहरुको समुदायिक विकास प्रतिको चिन्तनमा कमी देखिएकोले निरन्तर रुपमा सचेतना मुलक कार्यक्रम गर्नु पर्ने ।
- धेरै भन्दा धेरै गा.पा.र न.पा.मा कार्य गर्दा राम्रो हुन्थ्यो ।

### समस्या चुनौती :

- सामुहिक कार्य गराउन समुदायमा धेरै गह्रौ रहेको पाइयो ।

## ३.६. कार्यक्रमको नाम : बालबालिकाका लागी वस्तुस्थिति विश्लेषण

**सहयोगी संस्था** : जिल्ला समन्वय समिति कपिलवस्तु
**स्वीकृत रकम** : २,०००००/-
**खर्च रकम** : १,७०,०००/- (३०,००० करकट्टी १५ प्रतिशत)
**परियोजना अवधी** : ३ महिना

**कार्यक्षेत्र :**

| हालको ठेगाना | | | साविक गा.वि.स. | |
|---|---|---|---|---|
| न.पा/गाँउ पालिका | वडा नं. | गाँउ/टोल | गा.वि.स. | वडा न. |
| कृण्णनगर न.पा. | | सबै स्कूल | भगवानपुर | १ देखि ९ सम्म |
| जम्मा | | | | |

**लक्षित समुह/समुदाय :-** बालबालिकाहरु, विद्यालयहरु

**कार्यक्रमको विषयगत क्षेत्र :**

- डाँटा संकलन
- अवस्था विश्लेषण

**कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :**

**क) लक्ष्य :-** बालबालिकाहरुको अवस्था पहिचान भएको हुनेछ ।

**ख) उद्धेश्यहरु**

- विद्यालय भित्र र बाहिरा रहेका बालबालिका तथा किशोरकिशोरीहरुको डाँटा संकलन गर्ने ।
- बालबालिकाको अवस्था पहिचान भएको हुनेछ ।
- विद्यालय छोडने कारणहरु पहिचान भएको हुनेछ ।

**कार्यक्रमको मुख्य उपलब्धीहरु :**

- बालबालिका तथा किशोरकिशोरीहरुको अवस्था पहिचान गरियो ।
- साविक गा.वि.स.मा रहेका विद्यालय तथा विद्यालय बाहिरा रहेका बालबालिकाको डाँटा संकलन भएको छ ।
- प्रोफाईल तयार गरी गा.वि.स.कार्यालयमा प्रस्तुत गरियो साथै जिल्ला समन्वय समितिमा पेश गरियो ।

**कार्यक्रमको मुख्य प्रभावहरु :**

- विद्यालय भित्र र बाहिरा रहेका बालबालिका तथा किशोरीकिशोरहरुको तथ्याकं संकलन तथा समस्या पहिचान भएको छ । समाधान गर्न को निम्ति सजिलो संग कार्य गर्न सकिन्छ ।
- उक्त वडाको बालबालिका र विद्यालयको अवस्था थाहा भएकोले कार्य गर्न सम्बन्धी निकायको सहज भएको छ ।

**नमुना कार्यहरु :**

- यस गा.वि.स.को बालबालिका तथा किशोरी किशोरहरुको अवस्था पहिचान भएको ।

**सुझावहरु :**

- आएको समस्या समाधानका लागी सम्बन्धि वडा तथा सरोकारवालाले कार्य गर्दा राम्रो हुन्थ्यो ।

**समस्या चुनौती :**

- डाँटा संकलन गर्दा समुदायका ब्यक्तिहरुले केही पाईन्छ भन्ने सोच रहेको छ ।
- समुदायका ब्यक्तिहरुले सजिलो तरिका बाट डाँटा दिन नचाहने । जानकारी दिए वापत के पाइन्छ भन्ने सोच रहेको छ ।

## ३.७. कार्यक्रमको नाम : चुरा विन्दी कार्यक्रम

**सहयोगी संस्था** : मिडिया फर डेभलपमेण्ट
**स्वीकृत रकम** : ६००००।
**खर्च रकम** : ६००००।
**परियोजना अवधी** : ६ महिना

**कार्यक्षेत्र :**

| हालको ठेगाना | | | साविक गा.वि.स. | |
|---|---|---|---|---|
| **न.पा/गाउँपालिका** | **वडा नं.** | **गाउँ/टोल** | **गा.वि.स.** | **वडा नं.** |
| शुद्धोधन गा.पा.<br>मायादेवी गा.पा.<br>यशोधरा गा.पा.<br>क.व.न.पा. | ६<br>५,७<br>७ र ८<br>५ | सानो कर्मा<br>सिसहनिया, नौडिहवा<br>बेलसापुर र खोरिया<br>दलदलहा | बासखोर<br>बलुहवा र हरनामपुर<br>सोमडिह र सिहोखोर<br>क.व.न.पा. | ६<br>७ र ३<br>६ र ७<br>१५ |
| जम्मा | | | | |

**लक्षित समुह/समुदाय** : बाल विवाह भएका जोडीहरु

**कार्यक्रमको विषयगत क्षेत्र :**

- बाल विवाहको अवस्था पहिचान
- दाइजो प्रस्था

**कार्यक्रमको लक्ष्य तथा उद्धेश्यहरु :**

**क) लक्ष्य** :- बाल विवाह भएका ब्यक्तिहरुको अवस्था पहिचान

**ख) उद्धेश्यहरु :**

- बाल विवाह भएका जोडीहरु संग अन्तरवार्ता लिने ।
- डाकुमेन्टरी बनाउने ।
- बाल विवाहका हानिकारक तत्वहरुको पहिचान गर्ने ।
- समाधानका उपायहरु खोज्ने ।
- आयआर्जनमा जोड दिने ।

**कार्यक्रमको मुख्य उपलब्धीहरु :**

- २० जना बाल विवाह गरिएका जोडीहरु संग अन्तवार्ता लिई डाकुमेन्टरी तयार भएको ।
- १५ जनालाई टिका विन्दी तालिम प्रदान गरिएको ।

**कार्यक्रमको मुख्य प्रभावहरु :**

- बाल विवाह बाट जीवनमा विभिन्न खालको समस्या भोग्नु परेको कुरा महसुसीकरण भएकोले अरुलाई पनि यसको बेफाइदा बारे जानकारी गर्न मद्दत पुगिरहेको ।
- डाकुमेन्टरी प्रस्तुती बाट बाल विवाह न्युनीकरणको लागी मद्दत भई रहेको छ ।
- बाल विवाह गर्नु गराउनु हुदैन भन्ने बारेमा प्रतिबद्धता गर्ने व्यक्तिहरु बढेका छन् ।
- बाल विवाहको अवस्था को डाकुमेन्टरी तयार भएको ।

**नमुना कार्यहरु :**

- डेकुमेन्टरी तयार भएको ।

**सुझावहरु :**

- अवस्था पहिचानको क्षेत्र बढाउनु पर्ने र थप आर्थिक लगानी सीप विकासमा गर्नु पर्ने ।

**समस्या चुनौती :**

- अन्तरवार्ताका लागी नव विवाहित जोडीहरुलाई तयार गर्न गाह्रौ भएको ।

# खण्ड ४.
# आ.ब.२०७३/०७४ मा गरिएको आन्तरिक कार्यक्रमहरुको सामाजिक परिक्षण

## ४.१. बुद्ध नाट्क समुह :

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवश २०१७ को पूर्व सन्ध्या ७ मार्च २०१७ मा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको आयोजनामा कपिलबस्तु जिल्लाका तौलिहवामा राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमको व्यवस्थानमा जिल्ला स्तरका सरकारी तथा गैससहरुको मुख्य भुमिका रहेको थियो । उक्त कार्यक्रममा दलित सामाजिक विकास केन्द्रले प्रवर्धन गरेको बुद्ध नाट्य समुह द्वारा बालविबाहको मुख्य कारण तथा यसवाट पर्ने असरहरुलाई झल्काउने एउटा संक्षिप्त नाटक प्रस्तुत गरि एको थियो । नाटकले सबै दर्शकहरुलाई भावमुक पारेको थियो । महिला हिंसा तथा बालविबाहको सवालमा आधारित समय सापेक्ष ग्रामिण जीवन शैलीमा तयार पारिएको नाट्क बाल विबाहले ल्याउने वास्तविक कठिनाईहरुको यर्थात भोगाईहरुको चित्रण गरेको थियो । साथै यो नाटकटोलीलाई जिल्ला स्तरमा काम गर्न अन्य संघ संस्थाहरुले समेत सहयोग गर्न थालेका छन ।





त्यसै गरी जिल्लाका विभिन्न स्थानमा विभिन्न संघ संस्थाहरुको साझेदारीमा जस्तै खानेपानी सरफाई तथा चर्पी निर्माण, घरेलु तथा महिला हिंसा तथा बाल विवाह विरुद्ध, आगलागी रोकथाम पूर्वतयारी, अपाङ्गता तथा विभेद, जातिय विभेद अन्त्य गर्ने संदेश मुलक सडक नाटक देखाईएको छ जुन कि समुदायका ब्यक्तिहरु तुरन्तै महसुस गरी आफनो जीवन चरित्रमा सकारात्मक परिवतर्न ल्याउने पर्दछ भने विचारहरु राखेका थिए ।

# खण्ड ६: सफलताका कथाहरू
# स्वरोजगारले बनायो आत्म निर्भर

## अब मेरो पालो



**नाम** : बेदमती पाल
**उमेर** : ४५ वर्ष
**समुहको नाम** : लक्ष्मी लघु उधमी समुह
**ठेगाना** : सिहखोर-७, खोरीया (यशोधरा गाउँपालिका-८ )
**परिवार सख्या** : ५ महिला,३ पुरुष (जम्मा ८ जना)
**लगानी शिर्षक** : खुद्रा पसल
**लगानी रकम** : २७०००/-

बेदमति पाल-(गडरिया) मधेसी समुदायको एक बिपन्न र पिछणा बर्ग परिवारकी महिला हुन। उनको सम्पतीको नाममा समान्यबास बस्ने घर र ५ कठा नदिको किनारमा बगर खेत मात्र रहेको छ। घरमा उनका श्रीमान बुहारी, ३ छोरी र ३ छोराको साथमा बस्दै आएकी उनको बिहान बेलुकाको छाक टार्न साह्रै धौ धौ हुथ्यो। गरिबीको कारण कैसैले ऋृण पनि दिन पत्या उदैन्थेयो। केही आय आर्यजनको कामगर्ने आट थिएना। त्यसले उनी र उनको। श्रीमान ठूला किसान र अन्य ठाउँमा गई मजदुरी गर्दथे। खान नपुगेर पहिल्यै ठूला किसान कहाबाट अन्न पात ल्याई खाएको हुदा मालिकले कम ज्यालामा कार्य गराउदा पनि बाध्य भएर कामगर्नु पर्थ्यो। सन २०१७ जूनमा केयर नेपाल र दलित सामाजिक बिकास केन्द्रको साझेदारीमा कार्यक्रम संचालन भइ लक्ष्मी लघु उद्यमी समुह गठन भयो उनि उक्त समुहको सदस्य भइन। लक्ष्मी लघु उद्यमी समुहमा बसेर उनले ज्ञान मुलक तथा जीवन उपयोगी शिक्षा लिइ हाल हस्ताक्षर सम्मगर्न सक्ने र आफनो चेतना र क्षमता दुबै मा परिर्वतन आएको कुरा उनि बताउछिन्।

उनि व्यवसायिक अध्ययन भ्रमणको सन्दर्भ बिभिन्न गा.बि.स मा समेत पुगेकी छिन। लक्ष्मी लघु उद्यमी समुहमा रहेका सदस्यहरुले खुद्रा पसल, चियापसल, तरकारी खेती, अगरबती बनाउने कार्यहरु गरि रहेका छन। उनी खुद्रा पसल खोल्नको लागी केयर नेपाल र दलित समाजिक बिकास केन्द्र बाट रु. १००००/- टकी खरिद गर्न सहयोगको रुपमा माग गरी रु. १७०००/- लगानी लगाइ पसल संचालन गरेकी छन जुनकामको लागी उनका श्रीमानले सघाएका छन। उनको उक्तपसल खोरिया गाउँमा बाड गंगा नदिको छेउका बाधिएको तटबन्ध नजिकै गाउको बीचमा आफ्नै घर अगाडी रहेको छ। पसलबाट दैनिक रुपमा २०० देखी २५० सम्मा र मासिक रु.५००० देखी ६००० सम्माको आम्दानी हुने कुरा उनी बताउछीन। यो काम शुरु गरे पछि अरुको घरमा मजुरी गर्न छोडेको, उनि तथा उनको श्रीमान बताउँछिन। अब म आत्म निर्भर आएको हुन्छ। उनले बताउछिन उनका श्रीमान ले मौसम अनुसारका तरकारी बजारमा लगी बेचने गर्दछन भने फर्कने क्रममा खुद्रा पसलमा आवश्यक समाग्री खरिद गरी ल्याउछन। आफु अनपढ भएता पनि आफनो छोरा छोरीलाई उच्च शिक्षा पढाउने र हाल २ जना ९ कक्षामा १ जना ७ कक्षामा १ जना ४ कक्षामा १ जना र २ जना १-१ कक्षामा पढि रहेको उनि बताउछिन। पसल र श्रीमानले तरकारी बिकी गर्दाको मुनाफा ले छोरा छोरी पढाउन ,घर खर्च चलाउन पुगेको छ।

बिरामी हुदा पैसा हुन्थयेन तर आज २ चार पैसा चलाउनपाएर खुसी भएको छु। र आफु पनि स्वरोजगार भएको बताउछिन। र छोरी छोरालाई बाल बिवाह न गराउने प्रतिबद्धता समेत ब्यक्त गरिएका छिन। व्यवसाय विस्तार गर्ने अगामी योजना रहेको छ।

# सिपालु भइन सिम्रिता

**उद्यमीको नाम** : सिम्रिता रैदास
**ठेगाना** : बाँसखोर ६ कर्मा (शद्धोधन गाउँपालिका-६)
**परिवार सख्या** : महिला २, पुरुष ३
**ब्यवसायको नाम** : किराना पसल
**स्थापना मिति** : जनवरी २०१७
